निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL




# निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

# लोकतन्त्र

रातो रङ्गको - सबै भन्दा सजिलो

प्याजी रङ्गको - ठिकै (सजिलै)

निलो रङ्गको - अलि गाह्रो

यो किताब रातो तहको हो ।

<u>यो तहमा भएका किताबहरू :</u>

- निर्वाचन
- मतदान
- लोकतन्त्र
- समावेशीता र निर्वाचन
- मतादाता नामावली

**निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका**

# लोकतन्त्र

**प्रकाशक**

निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाण्डौ, नेपाल

फोन नं. :(९७७ -१) - ४२२८६६३/४२२५५८०

फ्याक्स: (९७७ -१) - ४२२९२२७/४२२५५८०

इमेल: info@election.gov.np

वेबसाइट : www.election.gov.np

© निर्वाचन आयोग, नेपाल

सर्वाधिकार सुरक्षित

प्रथम संस्करण : वि.सं. २०७६

ISBN: ९७८९९३७-७३८-१२-५

# विषय सूची

| विषय | पेज |
|---|---|
| लोकतन्त्र | १ |
| छलफलका लागि प्रश्नहरू | २१ |

# लोकतन्त्र

निर्वाचन नजिकिदै छ । निर्वाचनमा सहयोग पुगोस् भनेर सामुदायिक संस्थाले निर्वाचन शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसै सन्दर्भमा भोलि केन्द्रमा लोकतन्त्र विषयमा छलफल हुँदैछ । केन्द्रका परिचालक (सहजकर्ता) सपना मिस, कार्यक्रमका बारे खबर गर्न टोलटोल जाँदै हुनुहुन्छ ।



आफ्नो घर तिर आउँदै गरेकी सपनालाई देखेर राधा भाउजुले सोध्नुभयो -"ए सपना ! तिमी कता आएकी हौ त ?"

"कता आउनु नि भाउजु, तपाईंहरूलाई खबर गर्न आएकी नि ! भोलि बिहान १० बजे सामुदायिक संस्थामा लोकतन्त्रका बारेमा छलफल हुँदैछ। जिल्ला निर्वाचन कार्यालयबाट निर्मला मिस आउनु हुन्छ रे ! लोकतन्त्र के हो ? यसको महत्व के छ ? भन्ने बारेमा जानकारी गराउनु हुन्छ रे ! सबैजना दिदी बहिनी तथा दाजुभाई भेला हुन खबर गर्दै हिंडेको नि !"



ए ! ल ल ! हामी पनि हाम्रो समूहका दिदीबहिनी लिएर बेलैमा आउँछौं नि !

**सामुदायिक संस्थामा आज निकै चहल पहल देखिन्छ। कार्यक्रमका लागि आउनेको उपस्थिति बाक्लिंदै छ। समयलाई ध्यानमा राख्दै संस्थाका अध्यक्षले कार्यक्रम शुरु गर्न अनुरोध गर्नुभयो।**

"हामी पहिला लोकतन्त्रका बारेमा केही कुरा जानकारी लिऊँ । सबैले ध्यान दिनुहोला ।" परिचय कार्यक्रम सकिएपछि निर्मला मिसले भन्नुभयो ।

**लोकतन्त्र लोक र तन्त्र दुईवटा शब्द मिलेर बनेको शब्द हो ।** लोक भनेको जनता हुन् । तन्त्र भनेको शासन हो । त्यसैले लोकतन्त्र भनेको जनताले गर्ने शासन हो । लोकतन्त्रमा जनताले आफ्नो प्रतिनिधि आफैँ चुन्न पाउँछन् । लोकतन्त्रमा जनताले धेरै अधिकार पाएका हुन्छन् । अरुलाई आघात नपर्ने गरी मनमा लागेका कुरा लेख्न पाउनु, आफूलाई लागेको कुरा भन्न तथा बोल्न पाउनु, एउटै विचारधाराका मानिसहरू मिलेर संगठन खोल्न, राजनीतिक दल (पार्टी) खोल्न र त्यसमा सहभागी हुन पाउनु लोकतन्त्र हो । राज्यका विभिन्न जात, जाति, धर्म,

भाषा, संस्कृति र सम्प्रदाय बीच पारस्परिक सम्बन्ध सद्भाव विकास गराउन लोकतन्त्रले सहयोग गर्छ । जनतालाई यति धेरै अधिकार प्राप्त हुने भएकोले सबैले लोकतन्त्रलाई राम्रो शासन प्रणाली मान्दछन् ।”



**लोकतन्त्रको अनुभूति कसरी गर्नु भएको छ त ? भनी सहभागी मध्ये पाको उमेरकी ठूलीआमालाई आफ्नो अनुभव सुनाउन भन्नुभयो ।**

त्यसपछि ठूलीआमाले भन्नुभयो "पञ्चायत व्यवस्थामा मानिसहरूले संगठन खोल्न, दल दर्ता गर्न, आफूलाई लागेको कुरा भन्न पाउँदैन थिए, तर अहिले सबैले संगठन खोल्न, दलदर्ता गर्न, आफुलाई लागेको कुरा निर्धक्कसंग भन्न पाउँछन् ।"

ठूलीआमापछि सरीताले आफ्नो कुरा राखिन्, "म गरिब परिवारमा जन्मेकी हुँ । म दलित जातकी पनि हुँ । आज यस गाउँ कार्यपालिका सदस्य भएकी छु । मैले नसोचेको सम्मान र इज्जत पाएकी छु । पहिले मलाई दलित भन्थे, हेप्थे, आज सबैले मायाँ गर्छन्, सम्मान गर्छन् । छुवाछुत र जातभातका कुरा बिस्तारै हट्दै गएको छ । हामी जस्तो दलित, पछाडि परेका समूहलाई पनि अगाडि बढ्न लोकतन्त्रले प्रोत्साहित गरेको छ । संविधानले

सबैलाई समान अधिकार, भूमिका, अवसर र उन्मुक्तिको सुनिश्चित गरेको छ । तर यतिले मात्र हाम्रो समाजमा पूरै परिवर्तन आएको छैन । मैले सम्मान पाए पनि सबै दलितले समान अवसर पाउन सकेका छैनन् । त्यसैले सबैले समान अवसर र सम्मान पाएको दिन मात्र लोकतन्त्र अनुभूती हुन्छ होला मिस ।"

त्यसैगरी सानुमायाँ आफ्ना अनुभव भन्नुहुन्छ- "म यस वडाको वडा अध्यक्ष हुँ । वि.सं. २०७४ सालको स्थानीय तहको निर्वाचनबाट म यस वडाको वडा अध्यक्ष पदमा निर्वाचित भएँ । तपाईंहरूको मतले म विजयी भएँ, तपाईंहरूलाई पुःन धेरै धेरै धन्यवाद । म गाउँ, टोल र समुदायमा विकासको काम गर्दै आएकी छु । सबैले मेरो कामको कदर र विश्वास गरी दिनुभयो । साथै कामको जिम्मेवारी दिनु भएको छ ।"



“महिला र पुरुष एउटै रथका दुई पाङ्ग्रा हुन् । महिलाहरुको पनि समाजमा ठूलो भूमिका रहेको छ । हामी महिलाको योगदानलाई अहिलेको संविधानले कदर गर्दै प्रत्येक वडामा कम्तिमा दुई जना महिला निर्वाचित हुनु पर्ने व्यवस्था अनिवार्य गरेको छ । आफ्नो टोल र समुदायको विकासमा महिला पनि पुरुष जत्तिकै लागि परेका हुन्छन् ।

हाम्रो टोल भेलामा वडा अध्यक्ष पनि आउनु भएको थियो । भेलामा महिला सशक्तिकरणका

लागि बजेट माग गऱ्यौं। नभन्दै गाउँपालिकाबाट वडामा बजेट आयो । पाँच दिनको तालिम चलाउन पायौं । तालिमले वडामा महिलाको भूमिकालाई अझै कसरी सशक्त गर्न सक्छ, महिला अधिकारको बारेमा आफ्नो विचार कसरी राख्ने, उपयुक्त र उचित निर्णय कसरी गर्ने भन्ने जस्ता थुप्रै कुराहरू हामीले राम्ररी सिक्यौं ।

तालिमले गर्दा आज आफ्नो भूमिका बारे जानकारी पायौं । लैंगिक हिंसाका बारेमा जान्ने मौका पायौँ ।

महिला अधिकारका बारे बुझ्न सक्यौं । बैठक कसरी बस्नु पर्नेरहेछ, निर्णय कसरी गर्नु पर्नेरहेछ भन्ने जस्ता ज्ञान पायौं । स्रोत पहिचान गर्न सक्ने भयौं । मिस, मलाई त ! महिला, पछाडि पारिएका (परेका), समूहले

आफ्नो अधिकार र कर्तव्य बुझ्दै अगाडि बढन सक्नु नै लोकतन्त्रको देन हो जस्तो लाग्छ ।" -सविताले आफ्ना बुझाई बताउनु भयो ।

"निर्मला मिस त्यो तालिम त मैले नि लिएको छु । महिलाका लागि, युवा, जेष्ठ नागरिक, दलित अल्पसँख्यक तथा विपन्न समुदायका लागि पनि छुट्टै बजेट आउने रहेछ । योजना कसरी माग गर्ने भन्ने बारेमा पनि हामिले सिक्न मौका पायौं । तालिमले त हाम्रो आत्मविश्वास धेरै बढाएको छ ।"-प्रसुनाले बताउनु भयो ।



“यो छलफलले धेरै कुरा सिकाएको छ । धेरै कुरा बुझ्न पाउनु भयो । तपाईंका अनुभवहरू पनि लोकतन्त्र कै उपलब्धि हुन् ।

**हामीलाई लोकतन्त्र किन राम्रो लागेको होला ? सहभागीहरू बीच निर्मला मिसले सोध्नुभयो ।**

जुरेली दिदीले उठेर भन्नुभयो- “समुदायमा धनी गरीब दुबै छन् । धेरै जात जातिहरू बस्दछन् । कुनै जातिको जनसंख्या कम छ भने कुनैको धेरै छ । लोकतन्त्रमा कम, बढी, यो जात, उ जात भनिदैन, सबैको आवाज सुन्नुपर्छ । सबैको समान अधिकार हुन्छ । सबैलाई समान व्यवहार र अवसर प्रदान गर्ने व्यवस्था नै लोकतन्त्र होइन त मिस ?”


सरलाले भनिन् -“धेरै पढ्ने, थोरै पढ्ने पनि यही समुदायमा छन् । धनी र गरिब पनि

यहीँ छन् । यहाँ सबैका बेग्ला बेग्लै समस्या छन् । सबै फरक फरक क्षमताका छन् । सबैका समस्या समाधान गर्ने, सबैका क्षमताको कदर गर्दै समान अवसर उपलब्ध गराउने व्यवस्था नै लोकतन्त्र हो !"

**अब हामी लोकतन्त्रमा निर्वाचनको महत्वको बारेमा छलफल गरौं है त !**

**लोकतन्त्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्न, वैधानिकता प्रदान गर्न, जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्न निर्वाचन गरिन्छ। निश्चित अवधिको अन्तरालमा आवधिक निर्वाचन हुन्छ ।**

**जसमा जनताले आफूहरु मध्येबाट योग्य व्यक्तिलाई निर्वाचित गरेर पठाउँछन् ।**




तपाईंहरूले बुझ्नु पर्ने कुरा के हो भने- “लोकतन्त्रमा जनताले आफ्नो प्रतिनिधि आफै चुन्छन् । निश्चित समयमा निर्वाचनको माध्यमबाट प्रतिनिधिको चयन गरिन्छ । स्वच्छ र निष्पक्ष निर्वाचन सम्पन्न गर्ने काम निर्वाचन आयोगको हो ।”

**सहजकर्ताले सोध्नुभयो-“निर्वाचन नभए के हुन्छ होला ?” सोचेर भन्नुस् त ।**




सुनिताले भनिन्- "लोकतन्त्रमा निर्वाचन नभएको भए आफ्ना प्रतिनिधि मार्फत शासन सञ्चालनमा सहभागिता जनाउन पाईदैन। आधिकारीक रुपमा जनताका गुनासा सुन्ने संयन्त्र हुदैनन् । केही व्यक्तिमा मात्र शासन अधिकार सीमित हुन्छ। वि.सं.२०५४ देखि २०७४ सालसम्म नेपालमा स्थानीय तहको निर्वाचन भएको थिएन त्यसैले शासन अधिकारमा जनताको पहुँच थिएन। राज्यले जारी

गरेको सूचनामा जनताको पहुँच थिएन । सरकारी सेवा लिन सदरमुकाम सम्म धाउनु पर्थ्यो । विकास निर्माणको काममा जनताको पहुँच र सहभागीता थिएन, रोजगारीको अभावले युवाहरू विदेश पलायन हुन्थे ।"

"लोकतन्त्रमा निर्वाचन नभएको भए जनताको हित र चासोका बारेमा कस्ले बोल्थ्यो होला र !"

बोल्ने पालो पाएकी रेनुकाले भनिन्-"निर्वाचन नभएको भए टाठाबाठाको मात्र राज्य हुन्थ्यो होला हैन मिस !"

"बोल्न नसक्ने, गरीब विपन्न समुदायको आवाज सुन्ने मानिस कोही हुँदैन थिए होलान मिस !" -फुलदेवीले भनिन् ।

"हो ! तपाईहरूले यति राम्रा कुरा भन्नु होला जस्तो लागेको थिएन । तर कति सजिलोसँग

भन्नुभयो। हामीले भोगेका पनि छौं। निर्वाचन बिना लोकतन्त्रको कल्पनासम्म पनि गर्न सकिंदैन।"

**"निष्पक्ष निर्वाचन भनेको के हो मिस ?"** राधीकाले सोधिन्।

तपाईले राम्रो प्रश्न गर्नुभयो। मतदाताले स्वतन्त्ररुपमा आफ्नो मतदान गर्न पाउनु नै निष्पक्ष निर्वाचन हो।" त्यसैले स्वच्छ र निष्पक्ष निर्वाचनका लागि मतदातालाई कसैले पनि डर, धाक धम्कि दिइ प्रलोभनमा पर्ने काम गर्न दिनु हुँदैन।




**निर्वाचन निष्पक्ष भयो  वा भएन भनेर कसरी छुट्ट्याउने त मिस ?** सुन्दरले प्रश्न गरे ।

पहिलो कुरा त निर्वाचन आयोग प्रति सबैको विश्वास रहेको हुन्छ । निर्वाचन आयोगले त्यो विश्वास सवैवाट  जितेको पनि

छ । दोस्रो कुरा के भने- निर्वाचनका कामहरू सरोकारवालाहरूले अनुगमन तथा मुल्याकंन गरेका हुन्छन् । निर्वाचनको परिणाम सहज रुपमा सबै पक्षले स्वीकार गर्ने अवस्थाको सिर्जना गर्नु वा हुनु  नै निष्पक्ष निर्वाचनको मुख्य आधार हो ।

"लोकतन्त्र राम्रो शासन व्यवस्था रहेछ । यसले जनताको हितका लागि काम गर्दोरहेछ । समुदायका हरेक व्यक्तिले आफ्नै सरकार भएको महशुस गर्दारहेछन् । लोकतन्त्रमा निर्वाचन अनिवार्य पुर्व शर्त आजको यो छलफलबाट मैले धेरै कुरा जान्ने मौका पाएँ मिस ।"




वडा अध्यक्षले भन्नुभयो- “लोकतन्त्रले मानिसको आर्थिक, सामाजिक र राजनीतिक जीवनमा सकारात्मक परिवर्तन ल्याउँछ । लोकतन्त्रको सुदृढिकरणका लागि नै यस किसिमको निर्वाचन शिक्षा कार्यक्रम संचालन गर्न आवश्यक भएको हो । हरेक कुरा सिक्न पाउनु नागरिक अधिकार हो । त्यो अधिकार

लोकतन्त्रले मात्र दिनसक्छ भन्दै यहाँ सिकेका कुरा समुदायमा गएर सिकाउनका पनि साथै आफ्नो अधिकारको उपयोग गर्ने र अरुको अधिकारको सम्मान गर्न पनि सम्पुर्ण सहभागीहरु सबैलाई अनुरोध गर्दै कार्यक्रमको समापन गर्नुभयो ।

## छलफलका लागि प्रश्नहरु

१. लोकतन्त्र भनेको के हो ?

२. लोकतन्त्रको महत्व के छ ?

३. तपाईंहरुले लोकतन्त्र भएको अनुभूति कसरी गर्नु भएको छ ?

४. लोकतन्त्रले गर्दा टोल समुदायमा के कस्तो परिवर्तन आएको ?

५. हामीलाई लोकतन्त्र किन राम्रो लाग्छ ?

६. लोकतन्त्रमा निर्वाचनको किन महत्व हुन्छ ?

७. लोकतन्त्रमा निर्वाचन नहुँदा के कस्ता समस्या आइपर्छ ?

८. निष्पक्ष निर्वाचन भनेको के हो ?

९. लोकतन्त्रले मानिसको जीवनमा कस्तो परिवर्तन ल्याउँछ ?

# सहयोगी

Educational Resource And Development Center Nepal
2061

UNESCO
United Nations
Educational, Scientific and
Cultural Organization
संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

Sustainable
Development
Goals
दिगो विकास लक्ष्यहरू

Kathmandu Office

ESP is supported by
European
Union

UNDP
Empowered lives.
Resilient nations.

---

*यो पुस्तक युरोपियन युनियन र युएनडीपीको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यस पुस्तकमा उल्लेखित विषयहरुले दातृमुलुक तथा दातृनिकायहरुको प्रतिनिधित्व गर्दैनन् ।*